**श्रमिक दुर्घटना बिमाको लाभ रकम प्राप्त गरेका व्यक्तिहरू एवम् निज मृतकका परिवारजन सबैमा**

# सन् 2004 जुलाई भन्दा पछि भुक्तानी पाएको श्रमिक दुर्घटना बिमाको लाभ रकममा, थप लाभ रकम पाउने सम्भावना रहेको छ।

स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालयको "मासिक श्रम तथ्याङ्क सर्वेक्षण" मा सबै सूचाङ्कको सर्वेक्षण गर्नुपर्नेमा, केही मात्र अलग निकालेर सर्वेक्षण गरेको कारण, तथ्याङ्क उपर पारिश्रमिक राशि कम देखिन आएको रहेछ।
यसको परिणाम, यस सर्वेक्षणको औसत तलब राशिको उतारचढावलाई आधार मानेर स्लाइड-रेटहरूको हिसाब निकाल्ने गरिएको श्रमिक दुर्घटना बिमाको लाभ रकम राशिमा असर पर्न गएको छ।
सन् 2004 भन्दा पछि थप लाभ रकम आवश्यक पर्ने समयावधि सम्म पछाडि फर्केर थप लाभ रकम दिइरहेका छौँ।
यहाँहरूमा पर्न गएको असुविधा प्रति सहृदय क्षमा याचना गर्दछौँ।

**सन् 2004 जुलाई भन्दा पछि यी लाभ रकम प्राप्त गरेका महानुभाव थप लाभ रकमको दायरामा पर्न सक्नुहुनेछ**

- घाउचोट वा बिमारी (क्षतिपूर्ति) पेन्सन, घाउचोट वा बिमारी विशेष पेन्सन
- अपाङ्गता (क्षतिपूर्ति ) पेन्सन, अपाङ्गता विशेष पेन्सन
- मृतक परिवार (क्षतिपूर्ति) पेन्सन, मृतक परिवार विशेष पेन्सन, मृतक परिवार विशेष एकमुष्ठ रकम
- काम-बिदा (क्षतिपूर्ति) लाभ रकम, काम-बिदा विशेष भुक्तानी रकम आदि

*** सन् 2004 जुलाई भन्दा पछि लाभ रकम प्राप्त गरेको व्यक्ति भएपनि, समयावधि या लाभ रकम आधारभूत दैनिक भत्ता राशि अनुसार थप लाभ रकमको दायरामा नपर्ने पनि हुनसक्छ।**

○तलको समयतालिका अनुसार, पुनः हिसाब निकालेर उक्त रकमले भुक्तानी दिने या लाभ रकम थप्ने कार्य अघि बढाएका छौँ।

| | | | | सूचना दिन सुरु हुने समयावधि | भुक्तानी सुरु हुने समयावधि |
|---|---|---|---|---|---|
| श्रम दुर्घटना पेन्सन | हाल प्राप्त गरिराखेका व्यक्ति (2019/3 अनुसार) | भविष्यको भाग (2019 साल अप्रिल/मे महिना देखि पुनः हिसाब गरेको राशि) | | 2019/4 | 2019/6 देखि |
| | | विगतको भाग | कर्मचारी पेन्सन सँग भुक्तानी समायोजन आदि आवश्यक नपर्ने व्यक्ति | 2019/5 देखि | 2019/6 देखि |
| | | | कर्मचारी पेन्सन सँग भुक्तानी समायोजन आदि आवश्यक पर्ने व्यक्ति | 2019/9 देखि | 2019/10 देखि |
| | विगतमा प्राप्त गरेका व्यक्ति | | | 2019/9 देखि *1 | 2019/10 देखि *2 |
| | | | | सूचना दिन सुरु हुने समयावधि | भुक्तानी सुरु हुने समयावधि |
| काम-बिदा (क्षतिपूर्ति) लाभ रकम | हाल प्राप्त गरिराखेका व्यक्ति (2019/3 अनुसार) | भविष्यको भाग (2019/4 मा काम-बिदा बसेको भुक्तानी-मागको भागदेखि पुनः हिसाब गरेको राशि ) | | - | 2019/5 देखि (केही भाग अप्रिलको समेत) |
| | | विगतको भाग | कर्मचारी पेन्सन सँग भुक्तानी समायोजन आदि आवश्यक नपर्ने व्यक्ति | 2019/6 देखि | 2019/7 देखि |
| | | | कर्मचारी पेन्सन सँग भुक्तानी समायोजन आदि आवश्यक पर्ने व्यक्ति | 2019/7 देखि | 2019/8 देखि |
| | विगतमा प्राप्त गरेका व्यक्ति | | | 2019/8 देखि *1 | 2019/9 देखि *2 |
| | विगतमा प्राप्त गरेका व्यक्ति भएर सिष्टम उपर काम गराउन अझै समय लाग्ने व्यक्ति | | | 2019/11 देखि | 2019/12 देखि |

* "भुक्तानी समायोजन" भन्नाले, श्रम दुर्घटना पेन्सन र कर्मचारी पेन्सन (अपाङ्गता वा मृतक परिवार पेन्सन) मध्ये दुवैको भुक्तानी लिने बखतमा अथवा काममा आवत-जावत गर्दाको दुर्घटना भएको बखतमा, सवारी साधन हर्जाना बिमाबाट पाएको क्षतिपूर्ति राशि र भुक्तानी राशि बीच समायोजन गरिने हुनसक्छ।

*1 हाल बसोबास गरिरहेको ठेगाना थाहा पाउन सकिएको व्यक्तिको क्रममा

*2 आवश्यक पर्ने मूल व्यक्ति पहिचान गरेपछि क्रमिक रूपमा

○पुनः हिसाब गर्दा, प्राप्त गरेको राशिमा कुनै बदलाव नआउने भयो भने, त्यस्ता व्यक्तिलाई थप लाभ रकमको सूचना प्रेषण गरिने छैन।

○थप लाभ रकमको लागि काम गर्ने सचिवालयको कार्य अवस्थिति सम्बन्धमा, स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालयको वेबसाइट इत्यादिमा प्रकाशित गर्ने गरिएको छ।

***आउँदा दिनमा प्रक्रिया गर्दा उपयोगी हुन सक्ने हुनाले, यी कागजातहरू नफाली सुरक्षित राख्नुहोस्।**

**भुक्तानी निर्धारण सूचना / खातामा भुक्तानी सूचना, पेन्सन प्रमाणपत्र, घटबढ निर्धारण सूचनापत्र**

स्वास्थ्य श्रम तथा कल्याण मन्त्रालय / प्रान्तीय श्रम ब्युरो / श्रम मानक निरीक्षण कार्यालय

श्रमिक दुर्घटना बिमाको लाभ रकम प्राप्त गर्नु भएका महानुभावहरूमा

# "थप लाभ रकम सम्बन्धी 'सोधपुछ स्पेशल फोन नं.'"

# स्थापना गरिएको छ

## जापान भर जताबाट पनि निःशुल्क कल गर्न सकिने छ

**सन् 2004 जुलाई भन्दा पछि भुक्तानी पाएको श्रमिक दुर्घटना बिमाको लाभ रकममा, थप लाभ रकम पाउने सम्भावना रहेको छ।**

तलको 'सोधपुछ स्पेशल फोन नं.'मा सल्लाह तथा प्रश्न लिई राखिएको छ।
कुनै दुबिधा भएमा पहिला सम्पर्क गर्नुहोला।

**यस्ता दुबिधाहरूको उत्तर दिनेछौँ**

- कस्ता खालका लाभ रकम, थप लाभ रकमको दायरामा पर्दछ?
- कहिले देखि प्रदान गरिएको लाभ रकम दायरा भित्र पर्दछ?
- नाम या ठेगाना परिवर्तन भएको छ के गर्ने....

**स्पेशल फोन नं. को लागि यता ☞**

**0120-952-824** *जापानी भाषामा मात्र सेवा प्रदान

**खुल्ने समय: कार्यालय खुल्ने दिन 8:30 - 20:00**
**शनि, आइत वा रातो बिदाको दिन: 8:30 - 17:15**

केही समय सम्मको लागि, थप लाभ रकम 'सोधपुछ स्पेशल फोन नं.'मा परामर्श गरिसक्नु पर्ने म्याद तोक्ने छैनौँ।

## ✓ विदेशी भाषामा टेलिफोन परामर्श गर्न मिल्ने काउण्टरको लागि यता

* यसमा कल महसुल लाग्नेछ

| भाषा | खुल्ला रहने बार | खुल्ला रहने समय | फोन नं. |
|---|---|---|---|
| अङ्ग्रेजी भाषा | सोम देखि शुक्र | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001701 |
| चिनियाँ भाषा | सोम देखि शुक्र | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001702 |
| पुर्तगाली भाषा | सोम देखि शुक्र | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001703 |
| स्पेनी भाषा | सोम देखि शुक्र | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001704 |
| तागालोग भाषा | मङ्गल, बुध, बिही, शुक्र | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001705 |
| भियतनामी भाषा | सोम देखि शुक्र | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001706 |
| बर्मेली भाषा (म्यानमार) | सोम, बुध | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001707 |
| नेपाली भाषा | मङ्गल, बिही | बिहानको 10 बजे देखि अपराह्न 3 बजे सम्म (12 बजे देखि 1 बजेको समय बाहेक) | 0570-001708 |